# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बडिगाड गाउँपालिका
## बागलुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बडिगाड गाउँपालिका

बागलुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बडिगाड गाउँपालिका

बागलुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेठ** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश


मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ५०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

वडिगाड गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बागलुङ।

१. **कैफियत सहितको राय** — हामीले वडीगाड गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ४४ लाख बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ६२ लाख ३३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १३ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५८ लाख ६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८ लाख ९९ हजार र पेश्की बाँकी रु. ८० हजार समेत रु १ करोड ८१ लाख ६६ हजार रहेको छ ।गाँउपालिकाको गतवर्ष सम्म रु. ८ करोड ९९ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १०

करोड ८० लाख ९८ हजार रहेको छ ।गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने वडिगाड गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

वडिगाड गाँउपालिका,

बागलुङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३१ | ७९ | २४४०० | ० | २८ | ६२३३ | ३१ | ४८ | १८१६६ | १३८३ | १०८९९ | ५८०६ | ० | ० | १६७०५ | ८० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बागलुङ | ८९९३२ | ० | ४८९२४ | ४१००८ | २ | १८१६६ | ५९१७६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | २१ | पेश्की बाँकी | १७७४०८० |
| | | २३ | माइन्यूट वेगर खर्च | १९२०५० |
| | | २५ | १५ शैयाको अस्पताल भवन निर्माण | १५६९११८ |
| | | ३९ | छात्रवृत्ति | ८००० |
| | | ४० | जिन्सी दाखिला | १९४१००० |
| | | ४१ | नमुना मा वि आई सि टी | ४९९९६६ |
| | | ४६ | विल भरपाई | २५२१० |
| | | ५० | अनुगमन मूल्याङ्कन भत्ता | १४०००० |
| | | ५७ | सामाजिक सुरक्षाको बाँकी रकम फिर्ता नभएको | ४१५९० |
| | | ५९ | वहाल कर कम कट्टी भएको | ५६४४ |
| | | ६० | रितपूर्वकको कर विजक प्राप्त नभएको | १७०७३ |
| | | ६४ | कागज प्रमाण पेश नभएको | १९७०० |
| | **चालु वर्षको जम्मा** | | | ६२३३४३१ |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | नाम्स अनुसार | नाम्सअनुसार | ४७५७९९३९.६५ |
| | २०७७।७८ | नाम्स अनुसार | नाम्स अनुसार | १३४४४४ |
| | **गत विगतको जम्मा** | | | ४८९२४३८३.६५ |
| | **कुल जम्मा** | | | ५५१५७८१४.६५ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १० वडा, १७८.६८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०९०६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।३१ देखि २०८०।०६।०३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय – व्यय र सम्पत्ति तथा दायित्व सम्वन्धी बिष्तृत विवरण अनुसूची -१ मा संलग्न रहेको छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २७००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बैठक भत्ता बढी भुक्तानी | २७००० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **संचित कोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय व्यय हिसावको आर्थिक वर्ष २०७९।०८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | यस वर्ष रु. | | |
|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ८००२२४३२९ | ६६०३९४००७ | ६६०३९४००७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७८९९६९४९४ | ६४८८५१८३१ | ६४८८५१८३१ |
| ११००० कर | १२२८९८००० | ९७५९०५०३ | ९७५९०५०३ |
| १३००० अनुदान | ५७११२०००० | ५३७८१९६४६ | ५३७८१९६४६ |
| संघीय सरकार | ५४६७१९००० | ५१७७१८७७१ | ५१७७१८७७१ |
| प्रदेश सरकार | २४४०१००० | २०१००८७५ | २०१००८७५ |
| १४००० अन्य राजस्व | ८८५०००० | १२२७५५३५ | १२२७५५३५ |
| १५००० विविध प्राप्ति | २००००० | ११६६१४७ | ११६६१४७ |
| ३२००० वित्तीय सम्पत्ति | ८६९०१४९४ | ० | ० |
| ख. अन्य प्राप्ति | १०२५४८३५ | ११५४२१७६ | ११५४२१७६ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | १०२५४८३५ | ७२२४८१९ | ७२२४८१९ |
| धरौटी | ० | ४३१७३५७ | ४३१७३५७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ८००२२४३२९ | ६९८४७४८५८ | ६९८४७४८५८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७८९९६९४९४ | ६९२५५०६०९ | ६९२५५०६०९ |
| २१००० पारिश्रमिक / सुविधा | २६७६५९८७२ | २५८७५५१८४ | २५८७५५१८४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १३७५४३७०० | १११८४२१५९ | १११८४२१५९ |
| २५००० सहायता (Subsidy) | २९१५९००० | २७९३१४८५ | २७९३१४८५ |
| २६००० अनुदान | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ३३८९९००० | २९१३१०२२ | २९१३१०२२ |

| | | | |
|---|---|---|---|
| २८००० अन्य खर्च | २८५०००० | २८०९६८६ | २८०९६८६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३१८८५७९२२ | २६२०८१०७४ | २६२०८१०७४ |
| घ. अन्य भूक्तानी | १०२५४८३५ | ५९२४२४९ | ५९२४२४९ |
| कोषहरु | १०२५४८३५ | ४३१२०६७ | ४३१२०६७ |
| धरौटी | ० | १६१२१८२ | १६१२१८२ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -३८०८०८५१ | -३८०८०८५१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ९५८०६७४१ | ९५८०६७४१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ५७७२५८९० | ५७७२५८९० |
| | | | |
| **बैंक तथा नगद बाकी** | | **५७७२५८९०** | **५७७२५८९०** |

अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको आम्दानी तथा खर्च-

| **आम्दानी शीर्षक** | **रकम** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|---|
| गरिवसँग विश्वेर कार्यक्रम | ६२१९८० | गरिवसँग विश्वेर कार्यक्रम | ६२१९८० |
| सामाजिक सुरक्षा भत्ता | १३६१७८०७८ | सामाजिक सुरक्षा भत्ता | १३६१७८०७८ |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ५९९९४४११ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ५९९९४४११ |

३ **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।०२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन पूर्णरुपमा गरेको पाईएन ।

एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालु शीर्षकवाट गर्नुपर्नेमा पुजीगत शीर्षक र पुजीगत शीर्षकबाट गर्नुपर्नेमा चालु शीर्षकबाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना तयार गरी राख्नुपर्ने व्यवस्था छ पालिकाले पूर्णतया कार्यान्वयन ल्याएको पाइएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दीगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको देखियो।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गरुयोजना वनाउनुपर्नेमा नवनाएको र वार्षिक खरिद योजना तयार गरेता पनि सो अनुरुप खरिद नभएको पाइयो।

- स्थानीय सराकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा ढिला गरी तोकेको देखियो।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन र योजनागत कन्टिन्जेन्सी खर्च सुत्रमा देखिने गरी लेखा राखेको पाइएन।

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कायक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेको उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

- यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शीर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।

- निजामती सेवा ऐन, २०४९ दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गर्नुपर्नेमा गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक् दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछिमात्र दाखिला गर्ने गरेको पाइयो।

• विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको देखिएन।

• बातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसुची बमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिचाई, सडक स्तरोनती लगायतका कार्यमा बातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको देखियो।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको, पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।

• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको देखियो।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लागत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति भएको देखिएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको।

• सामाजिक सरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यलयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजानिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना भएको देखिएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **तलवी प्रतिवेदन -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २०७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजम स्थानीय तहमा कामकाज गर्न खटाईएका कर्मचारीहरुको तलवी प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णय वमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमा जम्मा तलव भत्ता वापत रु १३५८६६६७९।०० खर्च लेखेको तलवी प्रतिवेदन पारित नगराई खर्च लेखको छ। तलवी प्रतिवेद पारित गराएर मात्र तलव भत्ता खर्च गर्नुपर्दछ।

६ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १३४८ मृत्यु दर्ता ३७१ वटा, विवाह दर्ता ५१९ वटा, सम्बन्धबिच्छेद दर्ता ४५ वटा, वसाईसराई २०७ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो। पालिकाले नाता प्रमाणित, नागरिकता सिफारिस, आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

७ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २३ ऐन, २ नियमावली, १४ कार्यविधि २ निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

८ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ८ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई २ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

९ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा प्रयोगमा नआएको -** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनिक सम्पतिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

१० **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । जसअनुसार पुजीगत खर्चमध्ये चौथो त्रैमासिकमा मात्र कुल खर्चको ४० प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्च | २६२०८१०७४ | ३२८४५५३ | ४२३५९५८९ | ८६२४४२०४ | १३०१९२७२८ | ७४२६१००९ |
| | प्रतिशत | ८२ | १ | १३ | २७ | ४१ | २३ |

११ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३०१३५००० | २१३७७९२५ | ७१ |
| सामाजिक विकास | ४२५५९४२०० | ४०७५७१६१८ | ९६ |
| पूर्वाधार विकास | १२१४९५६२२ | १०४१९८५७९ | ८६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७१२९९००० | ५०६२९७९४ | ७१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १४१४४५६७२ | १०८७७२६९३ | ७७ |
| जम्मा | ७८९९६९४९४ | ६९२५५०६०९ | ८८ |

१२ **कार्यक्रमगत प्रगति -** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ अनुसार वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ वमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायका कार्यक्रममा

शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्ः

| सि.न. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | गाउँपालिका प्रशासनिक भवन निर्माण | ८००००००० | ० |
| २ | वडा नं ६ वडा कार्यालय भवन - क्रमागत | ५००००००० | ० |
| ३ | सवारी साधन | १०००००० | ० |
| ४ | फोहोरमैला व्यवस्थापन | १०००००० | ० |
| ५ | जेष्ठ नागरिक धार्मिक तिर्थाटन भ्रमण | २५०००० | ० |
| ६ | वालमैत्री स्थानीय शासन निर्माण कार्यक्रम | ३५०००० | ० |
| ७ | अपाङ्ग स्वालम्बन तथा स्वरोजगार | ४००००० | ० |
| ८ | लोपउन्मुख संस्कृति संरक्षण तथा प्रवर्द्दन- अल्पसंख्यक | २००००० | ० |
| ९ | अपाङ्गता भएका ब्यक्तिका लागि सहायता सामाग्री | ३००००० | ० |
| १० | आदिवासी जनजाति लक्षित तथा पूर्वाधार निर्माण | १०००००० | ० |
| ११ | जेष्ठ नागरिक परिचयपत्र वित्तरण र वडा घुम्ति सिविर संचाल | २००००० | ० |

१३ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ९९ | ७८६०१४३ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २०६ | ६०४२३१९९ |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | ३७ | ३०९९१७६३ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ३६ | ९८८१०००० |

१४ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट १८ लाख ६३ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल

मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा खर्च भएको पालिकाले जानाकारी गराएको छ। ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१५ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। यस पालिकाले वार्षिक बजेटबाट गाउँपालिका राष्ट्रिय महासंघ, क्लवहरुलाई आर्थिक सहायता लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरि खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन गाउँपालिकाले यस्तो खर्च नियन्त्रणगरि सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केहि उदाहरणः

| **क्र.सं.** | **भौ.नं./ मिति** | **खरिद विवरण** | **सप्लायर्सको नाम** | **रकम** |
|---|---|---|---|---|
| १ | ११०।२०७९।७।२० | भलिवल खेल | वडिगाड भलिवल टिम | २५००० |
| २ | १४४।२०७९।८।२३ | गाँउपालिका राष्ट्रिय महासंघ | बार्षिक नविकरण शुल्क | ३०००० |
| ३ | ३०४।२०७९।११।६ | भलिवल खेल | भिष्म प्रताप क्षेत्री (मुख्य प्रशिक्षक) | ४०००० |
| ४ | ३८०।२०७९।१२।२६ | आर्थिक सहयोग | अखिल नेपाल किसान महासंघ | १५००० |
| ६ | ४६१।२०८०।२।५ | आर्थिक सहयोग | भारतिय भू पु शैनिक सिजनल क्याम्प | १५००० |
| ७ | ६१७।२०८०।३।२१ | आर्थिक सहयोग | लायन्स क्लव अफ वाग्लुङ कालिका | १०००० |
| ८ | ३७।२०८०।३।१६ | कृषक क्षमता अभिवृद्धि कार्यक्रम | पशुतर्फ | १६८१७० |
| ९ | १२।२०७९।१२।७ | वडिगाड डोजो खेलकुद व्यवस्थापन | राजन पाइजा | ४००००० |
| १० | विभिन्न भौचर | सुत्केरी पोषण खर्च | सुत्केरीलाई पोषण | १२५००० |
| ११ | विभिन्न भौचर | सुत्केरी पोषण कार्यक्रम | सुत्केरीलाई पोषण | १९४००० |
| १२ | ४४४ | भुमिथान मन्दिर पुर्ननिर्माण | मन्दिर मर्मत | ५००००० |
| १३ | ५२३ | खड्गदेवी मन्दिर | पुजारी घर निर्माण | २००००० |
| १४ | ६१६ | थानपति मन्दिर | मन्दिर व्यवस्थापन | १०००००० |
| १५ | २९८।२०७९।१२।१९ | वडा ६ मा महिला भवन निर्माण | भवन निर्माण | १०००००० |

| जम्मा | ३७२२१७० |
|---|---|

१६ **आर्थिक सहायता -** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न भौचरवाट रु. २२ लाख १२ हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

१७ **नक्सा पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। यस पालिकावाट आ-व- २०७९।८० मा २ जनाले नक्सा पासको लागि निवेदन दिएकोमा 2 जनालाई मात्र अन्तिम चरणको नक्सापास सम्पन्न दिएको छ। पालिकाले आफ्नो क्षेत्रिभत्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ ।

१८ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शीर्षकवाट रु २७ लाख १२ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ।

१९ **सवारी साधन खरिद -** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्वन्धि मापदण्ड २०७८ को दफा ९(२) मा नेपाल सरकारको श्रोत वैदशिक अनुदान तथा ऋणवाट स्वास्थ्य सेवा सञ्चालन र निर्वाचन कार्यक्रम सञ्चालन प्रयोजनका लागि वाहेक अन्य प्रयोजनका लागि सवारी साधन खरिद नगर्ने व्यवस्था रहेकोमा यस पालिकाले रु. ५० लाख ३ हजारको (सवारी खरिद तथा सोको डेकोरेशन वापत) सवारी साधन खरिद गरेको छ। सवारी साधन खरिद सबै मर्मत र इन्धन खर्चसमेत वृद्धि हुने भएकोले सवारी साधन खरिदमा मापदण्डको पालना गरी मितव्ययीता कायम गर्नुपर्दछ । सवारी साधन खरिदको मापदण्ड तयार गरी यस्तो खर्च व्यवस्थित गर्नुपर्दछ।

| **क्र.सं.** | **सवारी साधन** | **खरिद संख्या** | **मूल्य** |
|---|---|---|---|
| १ | जीप | १ | ३१३८३०० |
| २ | दुइपांग्रे | ७ | १८९५३०० |

| | | | |
|---|---|---|---|
| जम्मा | | | ५०३३६०० |

२० **जस्तापाता खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 28 अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामानको सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले भौ.न. ५२।२०७९।०८।२८ मा रंगीन जस्तापाता ७१३.५ बण्डल खरिद गर्न रु. ९९९७५६२।०० को लागत अनुमान तयार गरी एच वि. एस मल्टिट्रेड इन्टरप्राइजेजसँग रु. ९६३१५२२।०० मा खरिद सम्झौता गरेको देखिन्छ। जस्तापाता खरिद गरी इलाका प्रहरी, कार्यालयमा विभिन्न शाखामा मर्मत लगायत विभिन्न क्षेत्रमा वडाको सिफारिस लगायत अध्यक्षको तोक आदेशमा वितरण भएकोमा सम्वन्धित स्थानमा प्रयोग भए नभएको एकिन गर्न सकिएन।

२१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद नाघेको पेश्कीलाई बेरुजू मानिने व्यवस्था गरेको छ । पालिकाको आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पैश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु

| गो. भौ. न. | पेश्कीको विवरण | रकम |
|---|---|---|
| **म्याद ननाघेको पेश्की४** | | |
| १,२०७९।०४।०१ | रेशिभा कन्स्ट्रक्सन प्रा.लि. | ३०००००० |
| **म्याद नाघेको पेश्की** | | |
| ३५६,२०७९।१२।१९ | दिबन्धु प्रसाद शाह | ८०००० |
| म्याद नाघेको पेश्की जम्मा | | ८०००० |

***(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्र्यौट भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१७,७४,०८० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की बाँकी | ८०,००० |

२२ **पुँजीगतबाट चालु प्रकृतिको खर्च -** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या ,२०७४ मा पुँजिगत शीर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन।पालिकाले तपशिल बमोजिमका विविध खर्च, शिक्षक तलव भत्ता, अभिमुखिकरण कार्यक्रम संचालन लगायतका चालु प्रकृतिका खर्च पूँजिगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शीर्षकबाट गर्नु वित्तीय अनुशासनको उल्लङ्घन हो।यसमा कार्यालयले सुधार गर्नुपर्दछ।

| भौ न | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६ | सांस्कृतिक संरक्षण | पितलको ढोलकी मादल लाखेको सामान खरिद | ४८९२८ |
| ४८ | लैंगिक हिंसा विरुद्धको कार्यक्रम | पूर्ण बहादुर घर्ति | ११३८०० |
| ८० | खेलाडीलाई सम्मान | ९ औ राष्ट्रिय कार्यक्रममा सहभागी खेलाडीलाई | १५०००० |
| ७१ | संस्कृतिक संरक्षण | पौदी न्वागी मेलामा | ८००००० |
| २६५ | लैंगिक हिंसा विरुद्ध कार्यक्रम | १० वटामा महिला दिवस मनाउन | २००००० |
| ४७९ | बाजा संरक्षण | पञ्चेबाजा खरिद | १९९८०० |
| १९२ | बाजा संरक्षण | भेडीखोर समुहलाई पञ्चेबाजा खरिद | २००००० |
| २२९ | बाल प्रतिभा पहिचान | बाल कार्यक्रम संचालन | १६६५०० |
| ५३१ | लोक सेवा।शिक्षा सेवा तयारी | कक्षा संचालन गरे वापत | २५४०३४ |
| ५५९ | अल्पसंख्यक विशेष कार्यक्रम | भाडा वर्तन कुकुर वितरण | ३००००० |
| ५६० | जेठ २० मेला व्यवस्थापन | साउन्ड सिष्टम वितरण | १९०१२१ |
| ५५२ | मुस्लिम उद्यमशिलता विकास | लागु औषध नियन्त्रण कार्यक्रम | ४८७६०० |
| ५८० | विशेष विकास कोष | भाडा कुडा खरिद | ४०५००० |
| ६२३ | दलित सशक्तिकरण कार्यक्रम | बडिगाड दलित संजाल | १४०६८९ |
| ३७८ | दलित समुह | भाडा बर्तन खरिद | १००००० |
| ३८० | राना समाज | भाडा वर्तन खरिद | १००००० |
| जम्मा | | | ३८५६४७२ |

२३ **माइन्यूट वेगर खर्च**

*……….. (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१,९२,०५० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **गैर सरकारी संस्थासँग साझेदारीमा खानेपानी -** गाँउपालिकाले विभिन्न खानेपानी योजना गैर सरकारी संस्था नेवा (नेपाल स्वास्थ्यको लागि पानि सँगको साझेदारीमा विभिन्न स्थानमा खानेपानीको कार्यक्रम संचालन गरेकोमा कार्यालयले गैर सरकारी संस्थाले बनाएको कार्य सम्पन्न प्रतिवेदनको आधारमा निम्नानुसार रकम भुक्तानी गरेको छ । उक्त रकमको लागत अनुमान खर्च गैर सरकारी संस्थाले बनाएको खर्च तेरिजको आधारमा भएको र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लागत अनुमान तथा सम्झौता आधारमा नभई गैर सरकारी संस्थाको आधारमा बनेको लागत अनुमानको आधारमा भुक्तानी भएकोले खर्चमा मितव्यी र कार्यमा गुणस्तर छ भनि यकिन गर्न सकिएन । खर्च गर्दा सार्वजनिक खरिद ऐन नियमको परिधिमा रहेर गर्नुपर्ने देखियो ।

| गो. भौ. न.।मिति | विवरण | रकम |
|---|---|---|
| ४५६,२०८०।०२।०५ | धुम्के ढुङ्गा खानेपानी तथा सरसफाई | ७११०६३ |
| ५८६,२०८०।०३।२१ | छिसफाँट खानेपानी तथा सरसफाई | ५६३४३१ |
| जम्मा | | १२७४४९४ |

२५ **१५ शैयाको अस्पताल भवन निर्माण**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१५,६९,११८ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२६ **प्रशासकीय भवनमा थप काम**

२६.१ **प्रशासनिक भवन -** वडिगाड गाउपालिका र निर्माण व्यवसायी माउण्टेन कविन्द्र संयुक्त जे भी संग रु ५१८५४८१९ मा मिति २०८०।३।३० सम्म सम्पन्न गर्ने गरी २०७७।२।६ मा ठेक्का सम्झौता भएको छ।उक्त प्रशासनिक भवनलाई सातौं रनिङ विलसम्म रु ३९०५०२९० भुक्तानी भैसकेको अवस्था छ अर्थात ७५ प्रतिशत भुक्तानी भैसकेको छ।तर हालसम्म कार्य सम्पन्न भएको छैन।उक्त ठेक्काको म्याद समेत समाप्त भैसकेको छ।पालिकाले म्याद थप गराई तोकिएको समयमा कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२६.२ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आल्मुनियमको पाटेसनको काम गरे बापत गो.भौ. न. ५०१,२०८०।०२।२२ बाट रु. १७७८४७ भुक्तानी भएकोमा आल्मुनियको काम २२८.९६ वर्गमिटरको भुक्तानी दिनुपर्नेमा २८०.२५ वर्गमिटरको रु. ४५० का दरले भुक्तानी दिएकोले ५१.२९ वर्गमिटरको बढी भुक्तानी रकम रु. २६०८० सम्वन्धितबाट असुल गर्नुपर्ने रु. २६०८०

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,०८० |

२७ **मेसिनले सडक खनेकोमा नाला खन्ने काममा मानिस प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका सडक तर्फको तपशिल बमोजिमका योजनामा मेसिन प्रयोग गरी सडक खनेको ब्याक फिलिङ् काममा मानिस प्रयोग गरेको देखाई भुक्तानी दिएको छ। नरम र कडा माटो खन्ने काम मेशिनवाट गर्दा नालाको काम मानिस बाट नै भएको हो भन्ने स्पष्ट आधार नभएकोले मेसिनबाट नाला खन्ने कार्य भएको प्रष्ट हुनुका साथै संलग्न निर्माणस्थलको चित्रबाट डोजरले नालीको काम गरिरहेको देख्न सकिन्छ। यस सम्बन्धमा मेसिन प्रयोगको दररेट राखि भुक्तानी हुनुपर्ने अवस्थामा मानिसवाट गरेको देखाउदा बढि भुक्तानी भएको छ। मेसिनवाट गरिएको काम मानिस प्रयोग गरिएको दरले बढि भुक्तानी दिएको रकम रु. ४९०११० असुल गर्नुपर्ने रु. ४९०११०

| भौ.न. | योजनाको नाम | परिमाण घ.मि. | म्यान्युल दर | मेसिन दर | फरक दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७०,२०७९।०९।२३ | बडिगाड १० मोटरबाटो | २२२.३८ | ३५४.७३ | ८४.७३ | २६९.९८ | ६००३८ |
| ३४८,२०७९।१२।२८ | वडा न. ८ मोटरबाटो | १४४ | ३११.४६ | ६५ | २४६.४६ | ३५४९० |
| ३८४,२०८०।०१।०७ | पुरानो गाँउ फोर्सा सडक | ५६० | ५०६ | ९०.४ | ४१५.६ | २३२७३६ |
| | | ६८० | ३११.४५ | ७३.४५ | २३८.०१ | १६१८४६ |
| जम्मा | | | | | | ४९०११० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९०,११० |

२८ **जडान वेगरको खपत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरवाट उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा खरिद गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको पाईप प्रयोग भएको सम्वन्धमा विश्वस्त हुन नसकिने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्टयाई सहितको प्रमाण कागजात पेश गर्नुपर्ने रु १८९२६५

| भौ नं | उपभोक्ता समितिको नाम | पाइप खरिद | जडान गरेको पाइप | जडान नभएको पाइप | दर प्रति मि | पाइपको रकम |
|---|---|---|---|---|---|---|
| ३६६,२०७९।१२।३० | वल्गाखोला खानेपानी योजना | १०५० मि | १९० मि | ८६० मि | ८७ | ७४८२० |
| ४०५,२०८०।०१।१३ | तामोखोर खानेपानी योजना | ६०० मि | ४०० मि | २०० मि | ७० | १४००० |
| ५६६,२०८०।०३।१६ | सतडाडा खानेपानी | ९०० मि | ५६५ मि | ३३५ मि | ६७ | २२४४५ |
| ५७९,२०८०।०३।१४ | ओखरगैडा खानेपानी | १७०० मि | ४०० मि | १३०० मि | ६० | ७८००० |
| जम्मा | | | | | | १८९२६५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८९,२६५ |

२९ **नापी भन्दा बढीको भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले निम्न गो.भौ.नं. तथा मितिबाट निम्न कामका लागि वढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु ९३२०८

| गो भौ नं।मिति | योजनाको नाम | कामको विवरण | गर्नुपर्ने काम (घन मीटर) | गरेको काम परिमाण (घन मीटर) | दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १२३।२०७९।१०।२६ | शिवालय मन्दिर | पैदल मार्ग | १३.७१ | ५.२० | ४९०३.५८ | ४१७३० |
| १७९।२०७९।१०।२६ | कुलावाज चिउरीखोला सिंचाई | सोलिङको काम | ८.३१ | ४.३१ | ३४१०.४२ | १५०७४ |
| | | पि सि सि | ११.४ | ८.६२ | १३०९५ | ३६४०४ |
| जम्मा | | | | | | ९३२०८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,२०८ |

३० **जोड जम्मा फरक पारी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाका नमुना छनोटका आधारम परीक्षण गर्दा देहायका योजनाहरुमा वास्तविक नापी भन्दा बढी परिमाणमा भुक्तानी भएकोले बढी भुक्तानी रकम रु. ११८३३५ असुल गर्नुपर्ने रु.

| **भौ.न.** | **योजनाको नाम** | **कामको विवरण** | **भुक्तानी परिमाण** | **हुनुपर्ने परिमाण** | **बढि परिमाण** | **प्रति युनिट रेट** | **रकम** |
|---|---|---|---|---|---|---|---|
| ३०४ | छिपछपे रागीचौर मोटरबाटो | ग्याविन जाली भर्ने | ५६ | ५५.५ | ०.५ | ५४०५ | २७०० |
| ४०८ | वडा कार्यालय तालकोट सल्लेघारी बाईसना मोटरबाटो | नरम माटो खन्ने | २१९९ | २०७४ | १२५ | ७५ | ९३७५ |
| ५५७ | धनुषाडाँडा मोटरबाटो | मिडियम रक खन्ने काम | ३४५ | १८० | १६५ | ६४४ | १०६२६० |
| जम्मा | | | | | | | ११८३३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८,३३५ |

३१ **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम ७ बमोजिम कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउदा कार्यान्वयन गर्ने आयोजना कार्यक्रमको पूर्व तयारी अवस्था खरिदि विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गर्ने व्यवस्था छ। यस पालिकाको ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छनः

| क्र सं | निर्माण योजना | निर्माण व्यवसायी | सम्झौता रकम | अवधी | म्याद थप |
|---|---|---|---|---|---|
| १ | बनस्पती मा.वि भवन निर्माण | रेशिभा कन्सट्रक्सन सेवा प्रा.लि | ११४७६१३७.५१ | ०७९-०८०।३।३१ | |
| २ | खर्वाङ दगा सिसाखानी मो.वा स्तरउन्नती | न्यू गोरख निर्माण सेवा | ६७७४६२६.९ | २०७९-२०८०।०३।३१ | |

३२ **वढी दरमा मुल्यांकन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्सको प्रयोग गर्नुपर्ने उल्लेख छ। पालिकाले गो. भौ. न. १५।२०७९।०७।०२ बाट वडा न. ५ को वडा कार्यलय भवन निर्माण वापतको रकम रु. १२५००००।०० भुक्तानी दिएकोमा देहायको काममा टुल्स एण्ड पाल्टको ३ प्रतिशत थप गरी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु. ९३०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु. ९३००

| कामको विवरण | परिमाण (घ.मि.) | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | रकम |
|---|---|---|---|---|---|
| ढुङ्गाको गारो १:६ | १९.९६ | ९०६९.७२ | ८८११.२२ | २५८.५ | ५१६० |
| PCC 1:2:4 | ३.१४ | ११७७१.४६ | १०४५३.१ | १३१८.३६ | ४१४० |
| जम्मा | | | | | ९३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३०० |

३३ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) मा सोझै खरिद सम्वन्धी व्यवस्थामा सार्वजनिक निकायले दश लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको छ। नियम १ (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमाभन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा कार्यालयले एकै प्रकृतीको कामलाई टुका बनाई एउटै फर्मसंग छुट्टा छुट्टै कोटेशन माग गरी कार्य गरेको देखिन्छ। यसरी एकै प्रकृतीको कार्यलाई टुक्रा टुका वनाई खरिद गरेको कार्य अनियमित देखिएको रु.

| भौचर। मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४६४,२०८०।०२।२८ | मेसिनरी तथा औजार खरिद | ए आई आइटी एण्ड इलेक्ट्रिकल | ९८१९७० |
| ४०१,२०८०।०१।१२ | मेसिनरी तथा औजार खरिद | ए आई आइटी एण्ड इलेक्ट्रिकल | ४९७९७९ |
| जम्मा | | | १४७९९४९ |

| अनियमित भएको | १४,७९,९४९ |
|---|---|

३४ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन २०६३ को ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा समित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। कार्यायले वार्षिक खरिद योजना बनाई प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्नेमा प्रतिष्पर्धा वेगर सोझै खरिद गरेको रकम अनियमित देखिएको रु

| **भौचर। मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १२,२०७९।०७।०२ | फर्निचर खरिद | सृर्जना फर्निचर उद्योग | २०९६१५ |
| ३६०,२०७९।१२।२९ | फर्निचर खरिद | एच वि.एस मल्टी इन्टरप्राइजेज | ९७२७२२ |
| ३६७,२०७९।१२।३० | फर्निचर खरिद | लुम्विनी फर्निचर बजार | ९८८१०१ |
| १७,२०८०।०३।२३ | फर्निचर खरिद | इन्द्रज्योति फर्निचर | १७७३६२ |
| २९३,२०८०।०३।२३ | फर्निचर खरिद | इन्द्रज्योति फर्निचर | ६९३८१५ |
| जम्मा | | | ३०४१६१५ |

| अनियमित भएको | ३०,४१,६१५ |
|---|---|

३५ **वढी दरमा मुल्यांकन तथा भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्सको प्रयोग गर्नुपर्ने उल्लेख छ। जिल्ला दररेटमा डोजरबाट सबै प्रकारको पहिरो पन्छाउने कामको प्रतिघनमिटर रु. ६५ रहेको छ। पालिकाले भौ. न. २४१।२०७९।११।२३ मा वडा न. ७ को मोटरबाटोमा पहिरो पन्छाउने काम वापत रु. ४८४८११ भुक्तानी गरेको देखिन्छ। २०७७.५ घ.मी. पहिरो पन्छाउने कामको जिल्ला दररेट अनुसार मुल्यअभिबृद्धि कर सहित रु. ७३.४५ का दरले भुक्तानी गर्नुपर्नेमा नरम माटो काटेको दररेट प्रयोग गरी रु. ८४.७५ का दरले भुक्तानी दिएको छ। यसरी जिल्ला दररेट भन्दा बढी रु. ११.३ का दरले २०७७.५ घ.मि. को बढी भुक्तानी रकम रु. २३४७५ भुक्तानी दिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २३,४७५ |
|---|---|

३६ **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र वढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले दक्षता आवश्यक पर्ने कार्य मात्र परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गरी रु ३३३१४८४ खर्च लेखेका छन्।

| **क्र.सं.** | **विवरण** | **परामर्शदाता** | **रकम** |
|---|---|---|---|
| १ | सिमाली चौर भलामी सिसाखानी मोटरबाटो निर्माण आयोजना | Delcon International Pvt. Ltd. | ११९०१३४ |

| | | | |
|---|---|---|---|
| २ | दर्लिङ बजार तल्लो घाट मोटरबाटो पुल आयोजना | Advance Creative Group Engineering Pvt. Ltd. | ११४९२१० |
| ३ | भू उपयोग बर्गिकरण तथा भू उपयोग योजना निर्माण कार्य | Garuda Infra-Tech Engineering Consultant Pvt. Ltd. | ९९२१४० |
| | जम्मा | | ३३३१४८४ |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन ।

**सेवाको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन ।

**सोझै खरिद कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० र ७२ मा २० लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ । विभिन्न कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान वेगर नैं परामशर्दाताको दरमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको देखिन्छ।

**वीमा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८० (७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३७ **वढी भुक्तानी -** स्वीकृत दर रेट अनुसार भुक्तानी गर्नुपर्दछ।पालिकाले भिमगिठे मा वि ४ कोठे भवन निर्माण वडा नं ७ मा व्रिक गुड क्वालिटी मेशिन मेड व्रिक वर्क १:४ परिमाण ४९.६२ घनमीटर को दर रु १७१८५.५५ का दरले रु १०९२५८३ भुक्तानी गर्नु पर्नेका रु २२०१९.५ का दरले रु १०९२५८३ भुक्तानी भएकोले दर फरक पारी वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३५,८५१ |

३८ **नमुना माध्यमिक विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय अनुदान -** कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९।८० को कृयाकलाप नम्वर २.७.१३.३ मा उल्लेख भए अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि तत्कालिन रुपमा शैक्षिक सुधार हुने कृयाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु छात्रवास व्यवस्थापन शैक्षिक सुशासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित वजेटको कार्य प्रगति सहित आवश्यक वजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने तथा यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयवीच सम्झौता गरी अनुदान उपलव्ध गराई कार्य

प्रगति केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले त्रिभुवन माध्यामिक विद्यालयलाई रु ३०००००० अनुदान उपलब्ध गराएकोमा देखिएका व्यहोरा देहाय अनुसार छनः

• भौतिक पूर्वाधार विकासका लागि विनियोजित वजेटको कार्य प्रगति सहित आवश्यक वजेट सहितको प्रस्ताव विद्यालयबाट पेश भएको नदेखिएको,

• सम्पादन गर्नुपर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयवीच सम्झौता नभएको,

• विद्यालयका कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएका कृयाकलापहरु शैक्षिक सुधार हुने खालको नदेखिएको,

• पालिकाले विद्यालयको अनुगमन गरी कार्य प्रगति नराखेको,

• विद्यालयले कार्ययोजनामा आन्तरिक कृयाकलाप संचालन शिक्षकको लागि तालिमको व्यवस्था गरिने, शिक्षण सिकाईका लागि आवश्यक पर्ने उपयुक्त र पर्याप्त शैक्षिक सामाग्रिको व्यवस्था गर्ने उल्लेख भएकोमा सो कृयाकलापमा खर्च नगरी करारमा कार्यरत ५ जना शिक्षकको तलव भत्ता वापत रु २५५८६३०, महंगी भत्तामा रु १२००००, पोशाक भत्तामा रु १०००००,२ जना कार्यालय सहयोगी तथा मालीको तलव भत्तामा रु ४२९००० समेत रु २७३७६३० खर्च गरेको छ। त्यस्तै विद्यालयले हाइभिजन स्मार्ट वोर्ड ल्यापटप १/१ सेट खरिद गरी रु २६२३७० समेत रु ३०००००० भुक्तानी गरेको देखियो। तसर्थ पालिकाले शिक्षकको तलव भत्ता, महंगी भत्ता, पोशाक भत्ता जस्ता कार्यमा खर्च गरेको देखिएको तर व्यवस्थापकीय सुधारमा खर्च गरेको नदेखिएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

३९ **छात्रवृत्ति**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु.८,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **जिन्सी दाखिला**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर जिन्सी दाखिलाको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१९,४१,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१ **नमुना मा वि आई सि टी**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.४,९९,९६६ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४२ **कार्यसम्पन्न नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै कार्यान्वयन पूस्तिकामा नापी किताव कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात २/२ प्रति प्राविधिक बाट तयार गर्न लगाई सम्वन्धित साइट ईन्चार्ज, विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लगाई सो को लेखापरीक्षण विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने र स्थानीय तहले अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। कालिकाले प्राथमिक विद्यालय वडा नं ८ मा ४ कोठे भवन निर्माण गर्न प्रथम पटक रु १६५०००० पेश्की दिई पुन २०८०।३।२० मा रु ३३५०००० विद्यालयको खातामा रोक्का गरी जम्मा गरीएकोमा कार्यसम्पन्न भएको देखिएन। उक्त रकमको कार्य सम्पन्न तथा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

४३ **पालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम -** पालिकाले गो भौ नं २२ मिति २०८०।३।२४ बाट पालिकाभित्रका विभिन्न ९ वटा विद्यालयलाई पालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय व्यवस्थापन तथा सुधार गर्नका लागि रु ६ लाख अनुदान दिएको पाइयो। तर विद्यालयले पालिकामा उक्त अनुदानको खर्च पुष्ट्याइ गर्ने कार्यसम्पन्न, विल भरपाई तथा अन्य कागज प्रमाण पेश नगरेकोले कागज प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

४४ **फर्म वर्क -** फर्म वर्कको प्रयोग ६ पटक सम्म गर्न सकिने तत्पश्चात २५ प्रतिशत अवशेष मुल्य हुने व्यवस्था छ। पालिकाले निम्न विद्यालयको लागि विद्यालय व्यवस्थापन समिति मार्फत फर्मा खरिद गरी वनाएको देखिन्छ। उक्त फर्मा १ पटक मात्र प्रयोग गरेकोले १ पटक प्रयोग गरेको अंश घटाई बाँकी फर्मा पालिकामा फिर्ता गर्नुपर्दछ।

| विद्यालय | फर्म वर्क | प्रति वर्ग दर | काठको मूल्य | प्रयोग भएको मुल्य | बाँकी फर्माको मूल्य |
|---|---|---|---|---|---|
| नमुना आ वि | ३७२.५१ | १८३.३ | ६८२८१ | ११३८० | ५६९०१ |
| सिद्व वराह प्रा वि | ४३१.७१ | १८३.३ | ७९१३२ | १३१८९ | ६५९४३ |
| खडक जयन्ती मा वि | ९९४ | १८३.३ | १८२२०० | ३०३६७ | १५८८३३ |
| गुफा आधारभुत विद्यालय | ५५८ | १८३.३ | १०२२८१ | १७०४७ | ८५२४३ |
| लौगा मा वि | ६९३ | १८३.३ | १२७०२७ | २११७१ | १०५८५६ |
| भगवती मा वि | ६९३ | १८३.३ | १२७०२७ | २११७१ | १०५८५६ |
| दर्लिङ मा वि | ७०३ | १८३.३ | १२८८६० | २१४७७ | १०७३८३ |
| डाँफे पाताल प्रा वि | ३७२ | १८३.३ | ६८१८८ | ११३६५ | ५६८२३ |
| दीपतारा प्रा वि | ३७२ | १८३.३ | ६८१८८ | ११३६५ | ५६८२३ |
| विद्या प्रकाश प्रा वि | १४३ | १८३.३ | २६२१२ | ४३६९ | २१८४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| सिद्धपुर प्रा वि | ३६९ | १८३.३ | ६७६३८ | ११२७३ | ५६३६५ |
| जम्मा | | | | | ८७७८६९ |

४५ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** विद्यालयलाई भवन निर्माण गर्न उपलव्ध गराएको रकमको विद्यालय भवन निर्माण भएको उक्त रु ४१४००००० संपरीक्षण गरी कायम रहन गएका व्यहोराः सिमेन्ट, डण्डी र इट्टामा मु अ कर वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | सामान प्रयोग | विल प्राप्त | खरिद मूल्य मु अ कर वाहेक | भुक्ताना मूल्य मु अ कर वाहेक | फरक | वढी मु अ कर |
|---|---|---|---|---|---|---|
| दर्लिङ मा वि | सिमेन्ट ९१ वोरा | ८४६ वोरा | ६०९१२० | ७२९६०० | १२०४८० | १५६६२ |
| तिनचुले प्रा वि | सिमेन्ट ४९८ वोरा | ३५० वोरा | २५२००० | ३९८४०० | १४६४०० | १९०३२ |
| कालिका प्रा वि | सिमेन्ट ५२५ वोरा | ५१० वोरा | ३६७२०० | ४२०००० | ५२८०० | ७९२० |
| भानु आ वि | १०१० | ८९६ | ६२७२०० | ८०८००० | १८०८०० | २५५०४ |
| चिसापानी प्रा वि | सिमेन्ट ९१४ वोरा | ७४१ | ५१८७०० | ७३१२०० | २१२५०० | २७६२५ |
| | डण्डी ७८७९ | ७७३० | ७२६६२० | ७४०६२४ | १४००६ | १८२१ |
| भानु मा वि | इट्टा ११२८४ | ११२८४ | १३५४०८ | २४२६०६ | १०७१९८ | १३९३६ |
| खड्क देवि मा वि | इट्टा १८५९२ | १८५९२ | २२३१०४ | ३४३९५२ | १२०८४८ | १५७१० |
| सिद्धि मा वि | इट्टा १८५९२ | १८५९२ | २२३१०४ | ३४३९५२ | १२०८४८ | १५७१० |
| जम्मा | | | | | | १४२९२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,९२० |

४६ **विल भरपाई**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.२५,२१० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **वढी भुक्तानी -** प्लेन सिमेन्ट पि सि सि १:१.५:३ परिमाण ८१.६८ घनमीटर कामको दर रु १६०३८.३३ का दरले रु १३१०००० भुक्तानी गर्नुपर्नेमा ९१.२५ घनमीटर कार्य भएको देखाई रु १६६३५३५ भुक्तानी भएकोले सम्झौतामा उल्लेख भएको भन्दा ९.५७ घन मीटर परिमाणमाको रु १६५६६७ वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | सामान | परिमाण प्रयोग | विलमा परिमाण | खरिद मूल्य मू अ कर वाहेक | भुक्तानी मू अ कर वाहेक | फरक | मू अ कर वढी |
|---|---|---|---|---|---|---|---|
| सिद्व वराह प्रा वि २ कोठे | इट्टा | ४०९२ | ४०९२ | ६५४७२ | ७५७०२ | १०२३० | १३३० |
| खडक जयन्ती मा वि ४ कोठे | इट्टा | २०५२१ | २०५२१ | ३२८३३६ | ३७९६३९ | ५१३०३ | ६६६९ |
| गुफा आधारभूत विद्यालय ४ कोठे | इट्टा | ३५०३५ | २०० | ३७०० | ६४४४४७ | ६४०७७७ | ८३३०१ |
| दर्लिङ मा वि ४ कोठे | सिमेन्ट | ९१६ | ७९६ | ६३६८०० | ७३२८०० | ९६०० | १२४८० |
| विद्या प्रकास प्रा वि २ कोठे | इट्टा | १६९९८ | १६२९० | ३०१३६५ | ३१४४६३ | १३०९८ | १७०३ |
| कंचनपुर आ वि २ कोठे | सिमेन्ट | ६३८ | ६१५ | ४३०५०० | ५१०४०० | ७९९०० | १०३८७ |
| भिमगिठे मा वि ४ कोठे | इट्टा | २६२९९ | २०५०० | २४६००० | ४८६५३२ | २४०५३२ | ३१२६९ |
| त्रिभुवन मा वि (नमुना) | सिमेन्ट | १६८ | १०० | ६२००० | १३४४०० | ७२४०० | ९४१२ |
| | इट्टा | ६४९३ | ४००० | ५०००० | १२०१२० | ७०१२० | ९११६ |
| जम्मा | | | | | | | १६५६६७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५,६६७ |

४८ **विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाई र प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम ४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार विद्यालयको लागि विद्यालय निर्माण गर्न इट्टा सिमेन्ट तथा डण्डी खरिद गरेको विलभन्दा वढी नाप गरी भुक्तानी गरेको देखिएकोले वास्तविक रुपमा विलमा उल्लेख गरेभन्दा वढी खपत भयो भन्ने अवस्था देखिएन। यसरी विल भरपाई भन्दा वढी खपत गरेको खर्च नियम सम्मत भएको नदेखिएको रु

| विद्यालयको नाम | प्रयोग भएको परिमाण | विल प्राप्त भएको परिमाण | नपुग रकम |
|---|---|---|---|
| दर्लिङ मा वि | ९१६ वोरा सिमेन्ट | ७९६ | १०८४८० |
| विद्या प्रकाश प्रा वि | १६६९८ इट्टा | १६२९० | १४७९२ |
| कंचनापुर आ वि | ६३८ वोरा सिमेन्ट | ६१५ | २०७९२ |
| भिमगिठ्ठे मा वि | २६२९९ इट्टा | २०५०० | १२११९९ |
| त्रिभुवन मा वि | १६८ वोरा सिमेन्ट | १०० | ६१४७२ |
| | ६४९३ इट्टा | ४००० | ५०८५७ |
| जम्मा | | | ३७७५९२ |

| | |
|---|---|
| अनियमित भएको | ३,७७,५९२ |

४९ **पोषणमैत्री नमुना गाँउपालिका -** पोषणमैत्री नमुना गाँउपालिका निर्माण गर्नका लागि नगरसभाबाट रु १ करोड वजेट विनियोजन भएको देखिन्छ। पालिकाले यो शिर्षकबाट सचेतनामूलक कार्यक्रम, अभिमूखीकरण कार्यक्रम, विभिन्न छलफल कार्यक्रम, विभिन्न कृषक समुह गठन जस्ता कार्यक्रममा वढी खर्च गरेको देखियो। पालिकाले आर्थिक वर्ष २०७९।८० मा पोषणमैत्री नमुना गाँउपालिकाको लागि रु ९२४७८५० खर्च गरेकोमा प्रगति विवरण तयार पारेको देखिदैन। खर्च भए अनुरुपको प्रगति भयो भएन एकिन हुन सक्ने आधार देखिएन। पालिकाले खर्च गर्दा वढी उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्नेमा यस्तो प्रकृतिको खर्च वितरणमखी देखिन्छ। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

५० **अनुगमन मूल्याङ्कन भत्ता**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१,४०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **स्वास्थ्य विमा भुक्तानी -** स्वास्थ्य विमा नियमावली २०७५ को नियम १६ मा स्वास्थ्य विमा वापतको योगदान रकम नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय सरकारद्धारा व्यहोर्ने योगदान रकमको वारेमा व्यवस्था रहेको छ। जसअनुसार अति गरिवको परिचयपत्र प्राप्त परिवारको शतप्रतिशत अपाङ्ग तथा जटिल प्रकृतीका विरामिका परिवारको शत प्रतिशत ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको शत प्रतिशत र महिला स्वंयमसेविका संलग्न भएको परिवारको ५० प्रतिशत रकम वयर्होने व्यवस्था भएकोमा पालिकाले उल्लेखित कुराको एकिन नगरी पालिकाबाट वजेट विनियोजन गरी ८२ जना स्वास्थ्य स्वयम सेविकाको १७५० र अन्य लक्षित समुहबाट ४३४ जनाको ३५०० को दरले जम्मा ५१६ परिवारको स्वास्थ्य विमा प्रिमियम वापत रु. १६६२५००।०० खर्च लेखेको छ। कार्यालयले कानुनमा उल्लेखित मापदण्डको पालन गरी खर्च लेखाङ्कन गर्नुपर्दछ।

५२ **विउ खरिद -** नेपाल सरकारको शशर्त अनुदान तर्फ भौचर नं १८८।२०८०।२।११ बाट आलुको विउ खरिद गरेको देखियो। विउ विजन गुणस्तर केन्द्रबाट विउ विक्रेतासंग खरिद गर्नुपर्नेमा ४७०० के जी रु ७० का दरले रु ३२९०००

सुदिप किराना पसल र ४८०० के जी रु ७० का दरले रिजन स्टोर्स किराना पसलबाट खरिद गरी जम्मा ९५०० के जी को रु ६५५००० खरिद गरी वितरण गरेको देखिन्छ।यसरी सामान्य किराना पसलबाट खरिद गरिएको विउ गुणस्तरिय नहुने हुँदा उक्त खर्चलाई नियम सम्मत मान्न सकिएन रु ६५५०००

| | |
|---|---|
| अनियमित भएको | ६,५५,००० |

५३ **वढी अनुदनान -** १५५।२०८०।१।१९ पालिकाले विषादी तथा त्रिपाल खरिदको अनुदान उपलव्ध गराउदा ५० प्रतिशतले अनुदान दिनुपर्नेमा ८५ प्रतिशतले अनुदान उपलव्ध गराएको देखियो। पालिकाले अधिकारी कृषि सामाग्री एण्ड मेशिनरी वाट प्लाष्टिक ५० सेटको रु ८८२५० र विषादी ९८२०० समेत १८६४५० को ५० प्रतिशतले ९३२५० भुक्तानी गर्नुपर्नेमा १५८४८२ भुक्तानी गरेकोले वढी भुक्तानी भएको सम्वन्धितबाट असुल गर्नुपर्ने रु ६५२३२

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,२३२ |

५४ **कृषि अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।

| **भौ नं** | **विवरण** | **रकम** |
|---|---|---|
| १२,२०८०।३।६ | व्यवसायिक फर्म सपोर्ट कार्यक्रम | ७००००० |
| २०७९।१२।२२ | खुवा वनाउने मेशिन खरिद | १६१४०० |
| ६२१,२०८०।०३।२४ | जलजला कृषि सहकारी संस्था | ४४९१९५ |
| ४८०,२०८०।१२।१४ | आधुनिक तथा अर्गानिक कृषक समुह | ३३२००० |
| १४८।२०८०।१।३ | तरकारी खेती | ४५७२५० |
| १४९।२०८०।१।३ | कृषि उपकरण खरिद | ४५७२५० |
| १५०।२०८०।१।३ | कृषि उपकरण खरिद | ४९९८७८ |
| १८८।२०८०।१।३ | आलु पकेट वडा नं ४,५ र ८ | ४९६६४६ |
| १५५।२०८०।३।७ | आलु पकेट वडा नं ७ र ८ | ११०९१८६ |
| २८८।२०८०।३।७ | कृषि उपकरण मिनि टिलर | ६९०००० |
| २५८।२०८०।३।१९ | मिनिटिलर | ३८३३९६ |
| २०८।२०८०।३।१ | कृषि उपकरण | ३६४०७२ |
| २४९।२०८०।३।१७ | कृषि उपकरण वडा नं ४ | ३९३९९४ |
| २१०।२०८०।३।१ | मकै वाली वडा नं ९ | ३७७५०० |
| जम्मा | | ६८७१७६७ |

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

**(क)** अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

**(ख)** कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले ज तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । गाँउपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ गाँउपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

**(ग)** अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन

**(घ)** पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा नगरवाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।

५५ **कृषक अभिलेख -** नेपाल सरकार तथा प्रदेश सरकार सम्वन्धी एकिकृत कार्यविधि २०७७ को वुँदा नं १२(२) मा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम संचालन गर्दा अन्य कार्यालयसंग समन्वय गर्नुपर्ने तथा १२(३) मा एकै प्रकृतिको कार्यको लागि एक भन्दा वढी कार्यालयबाट अनुदान दिन नपाउने व्यवस्था छ।यो वर्ष संघीय सरकार र प्रदेश सरकारले संचालन गरेका कार्यक्रम तथा पालिकाले संचालन गरेका आयोजना कार्यक्रम कृयाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकलाई पुरै वा आंशिक शशर्त, निशर्त, बस्तुगत, नगद अनुदान तथा प्राविधिक सेवा परामर्श सीप विकास तालिम दिएको थियो सो को व्यवस्थित अभिलेख राखी कृषकगत प्रोफाइल लगत राखेको देखिएन।कृषकगत लगत नहुँदा एकै प्रकृतिका कार्यक्रम तथा कृयाकलापहरुमा उही व्यक्ति संस्था एवं समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नुपर्ने कृषकहरु सम्म उक्त कार्यक्रमको पहुँचको अवसरबाट वंचित हुनुपर्ने देखिन्छ।तसर्थ कृषकगत प्रोफाइल लगत अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ।

५६ **समाजिक सुरक्षाको रकम बढी निकासा -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने

व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा यस पालिकाको वडा नं १,५,८ र १० को नमुनाको रुपमा परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको पाइयो। तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु.

| क्र.स | लाभग्राहिको नाम | वडा नं | मृत्यु भएको मिति | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | खगिमाया थापा | ५ | २०७९।७।२८ | ८२६६ |
| २ | जगते वुढाथोकी | १० | २०७९।७।२४ | ४७८९ |
| जम्मा | | | | १३०५५ |

| असुल गर्नुपर्ने | १३,०५५ |
|---|---|

५७ **सामाजिक सुरक्षाको बाँकी रकम फिर्ता नभएको**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.४१,५९० सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८ **राजस्व ढिला दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न वाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको नमुना छनौट गरी परीक्षण गर्दा वडा न. ३ र ८ बाट संकलन गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्रदाखिला गरेको छैन ।संकलन भएको राजश्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। केही उदाहरण निम्न छनः

| संकलन गर्ने | राजस्व दाखिला | दाखिला मिति |
|---|---|---|
| वडा न. ३ | ४४९३७ | २०७९।२२।३० |
| | २०३०० | २०७९।१२।१९ |
| | २२३९९० | २०८०।०२।०५ |
| | १४१६०४ | २०८०।०३।२७ |
| वडा न. ८ | ७२८०१ | २०७९।०८।१३ |
| | ३१७७२ | २०७९।०९।१९ |
| | २०८५० | २०७९।१२।०८ |

| | | |
|---|---|---|
| | १६९१९५ | २०८० जेठ |
| | १४३७९७ | २०८०।०२।१७ |
| | १५५५०८ | २०८० अषाढ |

५९ **वहाल कर कम कट्टी भएको**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.५,६४४ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **रितपूर्वकको कर विजक प्राप्त नभएको**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१७,०७३ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १४०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १८१९०२५६.५४ अर्थात अनुमान भन्दा ३० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिकाले पेश गरेको विवरण अनुसार अन्य स्रोतबाट प्राप्त आयको विवरणः

| **ठेक्काको विवरण** | **ठेकेदारको नाम** | **सम्झौता मिति** | **ठेक्का अवधि** | **ठेक्का रकम** | **असुली रकम** |
|---|---|---|---|---|---|
| दहत्तर बहत्तर | बेद प्रसाद श्रेष्ठ | ६५६७८ | २०८० जेठ | १५०९०० | १५०९०० |
| दहत्तर बहत्तर | अर्गेजा कन्सट्रकसन | ६५५८६ | २०८० जेठ | ७२०००० | ७२०००० |
| कवाडी | कमल पाण्डे | ६५५१९ | २०८० आषाढ | ३५०००० | ३५०००० |

६२ **नाफामुलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। पालिकाले देहाय बमोजिमका भौचर नं बाट लघुवित्त सहकारीलाई विविध| कार्य गर्नका लागि रु. ८९४२३८ रकम उपलब्ध गरएको छ। साथै अनुदान लिएको नाफामुलक संस्थाले स्थानीय जनतालाई |दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन्। तसर्थ यसप्रकारको अनुदान उपलब्ध गराउने |कार्यमा नियन्त्रण गरी नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने मिल्ने कुनै कानुनी व्यवस्था भएको नदेखिएकाले अनियमित देखिएको रु.

| गो भौ न मिति | लघु जलविद्युत आयोजनाको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ३८९,२०८०।०१।०७ | गिरिङदीखोला लघुविधुत आयोजना | मर्मत तथा व्यवस्थापन | ४००००० |
| ४६१,२०८०।०२।०५ | टुनिखोला लघुजलविद्युत आयोजना | मर्मत तथा व्यवस्थापन | २००००० |
| ४८५,२०८०।०२।१६ | भिमघाट प्रथम लघुविद्युत परियोजना | मर्मत तथा व्यवस्थापन | २९४२३८ |
| जम्मा | | | ८९४२३८ |

| | |
|---|---|
| अनियमित भएको | ८,९४,२३८ |

६३ **क्षेत्राधिकार बाहिर अनुदान -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नु पूर्ब उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले सो कुरा बिचार नगरी तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी तथा गैरसरकारी निकायको भौतिक संरचना निर्माण कार्य वापत खर्च लेखेको छ। पालिकाले खर्च गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्न अग्रसर हुनुपर्दछ।यसरी अन्य निकायलाई आर्थिक सहयोग गर्नु अनियमित देखिएको रु

| भौ न | खर्च गरिएको निकाय र कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ३३१,२०७९।१२।२७ | नेपाल टेलिकमको टावर भवन निर्माण | १५८०६७ |
| ६२६,२०८०।०३।२४ | मानव सेवा आश्रम भवन निर्माण | ९९०५३० |
| ८५।२०७९।६।१३ | ईलाका प्रहरी कार्यालय (खर्वाङ, भिमगिठे र ग्वालीचौर) | ९०००० |
| ६२०।२०८०।३।२२ | मध्य भिमगाड खोला लघु जलविधुत परियोजना | १४९१८० |
| जम्मा | | १३८७७७७ |

| | |
|---|---|
| अनियमित भएको | १३,८७,७७७ |

६४ **आन्तरिक लेखापरीक्षणतर्फ**

**हेभी इक्विपमेन्टको प्रयोग -** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोडर, ग्रेडर जस्ता हेभी इक्विपमेन्टको प्रयोग गर्न नमिल्ने व्यवस्था रहेको छ । सो नियमावलीको प्रतिबन्धात्मक वाकांशमा लागत हनुमा तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग |गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिइ त्यस्ता मेसिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ । पालिका अन्तर्गत संचालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजना सम्बन्धित प्राविधिकको सिफारिस गराई कार्यपालिकाको कार्यालयबाट सहमति बेगर उपभोक्ता समिति मार्फत डोजर, एक्साभेटर लगायतका हेभी |इक्विपमेण्टको प्रयोग गर्ने गरेको पाइयो । यस्तो कार्य गर्दा ऐन तथा नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनु पर्दछ ।

६४.१ **कागज प्रमाण पेश नभएको**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१९,७०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४.२ ५८२०८०।३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेकोमा यस पालिकाबाट यस आर्थिक वर्षमा जि.टि.भी. नेपाल अनलाईन सूचना केन्द्र मुसिकोट न.पा.-२ गुल्मीलाई स्वास्थ्यको भिडियो डकुमेन्ट्री निर्माणबापत रु. १४७७५/- पुष्ट्याइ गर्ने प्रमाण बेगर भुक्तानी गरेको पाइयो । पुष्ट्याई गर्ने भिडियो सामाग्री पेश गरी नियमित गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु. १४७७५

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,७७५ |

६४.३ ६९।२०८०।३।२४ गाउँसभाको ११ औं अधिवेशनबाट स्विकृत आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम, योजना र बजेटबाट स्विकृत वर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुलाई जोखिम भत्ता स्वरुप रु. १लाख बजेट व्यवस्थापन गरी रु. ६२,७९०/- प्रत्येक वडाका स्वास्थ्य संस्थाको वर्थिङ सेन्टरमा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता भनी भुक्तानी गरेको देखिन्छ । तर सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा ११(१) अनुसार प्रोत्साहन भत्ता, अतिरिक्त भत्ता, जोखिम भत्ता विशेष भत्ता लगायतका कुनै पनि प्रकारको भत्ता प्रदान गर्न नहुने व्यवस्था रहेको छ । यस मापदण्ड बिपरित गरेको खर्च नियमसम्मत नभएको रु. ६२७९०

| | |
|---|---|
| अनियमित भएको | ६२,७९० |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : वडिगाड गाउँपालिका, बागलुङ , वडिगाड गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेतनारायण भण्डारी | २०७८-१२-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | डिल्ली प्रसाद शर्मा | २०७६-८-२३ | २०८०-१०-२१ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,१७२,७९५ | १०,८९८,९६१ | ८,४७३,८२९ | ० | ० | १,८५४,०८० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २४,३९९,६६५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६,२३३,४३१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | २,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १८,१६८,२३४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९५८०६७४१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१७७१८७७१ | **चालु खर्च** | ४२७६५९८४९ |
| **प्रदेश सरकारबाट अनुदान** | २०१००८७५ | **पूँजीगत खर्च** | २६२०८१०७४ |
| **राजश्व बाँडफाँट** | ९७५९०५०३ | **वित्तीय/अन्य व्यवस्था** | ८७३३९३५.० |
| **आन्तरिक आय** | १२२७५५३५ | | |
| **अन्य आय** | १२७०८३२३ | | |
| **कुल आय** | ६६०३९४००७ | **कुल खर्च** | ६९८४७४८५८ |
| **बाँकी मौज्दात** | | ५७७२५८९० | |

**बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -३**

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | छात्रवृत्तिः कार्यक्रम कार्यन्वयन पुस्तिका कृयाकलाप नम्वर २.४.६.१ मा IEMIS मा प्रविष्टि तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत संचालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुका लागि यथार्थ तथ्याङ्कसंग संचालन गराई सत्यापति विवरण शिक्षा अधिकृत बाट प्रमाणित गरी एकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले खडक देवि वाल विकास विद्यालयमा IEMIS Data ले देखाएको भन्दा वढी विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएकोले उक्त वढी वितरण गरेको असुल गर्नुपर्ने रु | 2000.00 |